यो क्षयरोग सम्बन्धि कागजात , क्षयरोगबारे जानकारी हासिल गराउन तयार गरिएको सन्दर्भ सामग्रीको अनुवाद हो। स्वास्थ्य केन्द्रबाट प्रकाशित जापानिज भाषामा लिखित कागजातमा कानूनी प्रावधान सुरक्षित गरिएको छ।

⑦

**अस्पताल भर्ना सिफारिसमा आधारित अस्पताल भर्ना उपचार खर्च अनुदान प्रणाली (दफा नं.37)**

★लक्षित व्यक्ति

" सरुवा रोगको रोकथाम एवम् सरुवा रोगको बिरामीको लागि गरिने उपचार सम्बन्धी कानुन" मा आधारित "अस्पताल भर्ना सिफारिस" एवम् "अस्पताल भर्ना अवधि बढाइएको सूचना" द्वारा क्षयरोग-वार्डमा भर्ना भएर उपचार गराइ रहेका व्यक्ति।

★**लक्षित** उपचार **खर्च**

①स्वास्थ्य परीक्षण ②औषधि अथवा उपचार सामाग्री परिपूर्ति ③चिकित्सा उपचार तथा अप्रेसन लगायतका अन्य उपचार

④अस्पताल भर्ना एवम् स्वास्थ्य लाभ गराउँदा आइपर्ने स्याहार तथा अन्य नर्सिङ् सेवा(खाना खर्च समेत)

(बिमा रकम बाहिरको बेड शुल्क, बिजुलीको बिल, मेडिकल सर्टिफिकेट शुल्क आदि बिमाले नबेहोर्ने खर्च भने सरकारी अनुदान भित्र पर्दैन)

★**आफैँले वहन गर्ने रकम**

बिरामी स्वयम्, पति/पत्नी एवम् एउटै परिवारमा जीविका गर्नेहरूको आय अनुसार, खर्चको केही भाग वहन गराइने छ।

＊आयकर लाग्ने वार्षिक आयको कुल योग :
14 लाख 70 हजार येन भन्दा कम भए
आफैँले वहन गर्नु नपर्ने (0 येन )

| | |
|---|---|
| बिमा | सरकारी अनुदान |

＊आयकर लाग्ने वार्षिक आयको कुल योग :
14 लाख 70 हजार येन वा सो भन्दा माथि भए
आफैले वहन गर्नुपर्ने (20 हजार येन/महिना)



| | | |
|---|---|---|
| बिमा | सरकारी अनुदान | |

★ आवेदनमा आवश्यक पर्ने कागजात

1 क्षयरोग उपचार खर्च सरकारी अनुदान आवेदन पत्र ・・・स्वास्थ्य केन्द्र अथवा अस्पतालमा उपलब्ध हुन्छ।

2 पारिवारिक विवरण पत्र (*सेताइ च्योउ-स्यो*) 〔नत्थी गरिएको पत्र नं.1〕・・・बाक्लो फ्रेम भित्र मात्र लेख्नुहोस्।

3 स्वास्थ्य बिमा प्रमाणपत्रको प्रतिलिपि ・・・बिरामीको स्वास्थ्य बिमा प्रमाणपत्र। स्वास्थ्य केन्द्रमा फोटो कपि गरिन्छ।

4 बसोबास पत्र (*ज्युमिन ह्योउ)* (बिरामीसँग एउटै ठेगाना भएका सबै। नाता उल्लेख गरिएको पत्र)

5 आयकर प्रमाणित गर्ने कागजात ・・पारिवारिक विवरण पत्रमा उल्लेखित व्यक्ति मध्ये, अस्पताल भर्ना खर्च वहन गर्नुपर्ने

दायित्व भएका व्यक्ति (नत्थी गरिएको पत्र हेर्नुहोस्)को आयकर प्रमाणित गर्ने कागजात। आय नभएको व्यक्तिले पनि, नभएको प्रमाण देखाउने।

(1) कर निर्धारण निवेदन (*खाकुतेइ सिन्कोकु*) नभरेका व्यक्ति

क. तलबको आय भएका व्यक्ति ・・・ कार्यस्थलद्वारा जारी हुने " जापान संवत्........को * वार्षिक आयकर कट्टी पत्र(*गेन्सेन् च्योउ-स्युउ ह्योउ*) "

ख. पेन्सन प्राप्त गर्ने व्यक्ति ・・・ पेन्सन कार्यालयद्वारा जारी हुने " जापान संवत्........को * पेन्सन आदिको वार्षिक आयकर कट्टी पत्र(*गेन्सेन् च्योउ-स्युउ ह्योउ*)"



(2) कर निर्धारण निवेदन (*खाकुतेइ सिन्कोकु*) गरेका व्यक्ति
कर कार्यालयद्वारा जारी हुने "जापान संवत्........को * कर चुक्ता प्रमाण(*नोउजेइ स्योउ-मेइ-स्यो*)(1)"

(3) सामाजिक सुरक्षा भत्ता (*सेइखाचु होगो*) प्राप्त गरेको व्यक्ति
समाज कल्याण कार्यालय(*फुकुसि जिमुस्यो*)द्वारा जारी हुने " भत्ता प्राप्ती प्रमाण पत्र (*ज्यु-क्यू स्योउ-मेइ-स्यो*)"

(4) आय नभएको व्यक्ति
नगरपालिका (*सियाकु-स्यो*) द्वारा जारी हुने "नगर तथा प्रान्तीय कर लागे/नलागेको कर लागत प्रमाण पत्र (*हि-खाजेइ स्योउ-मेइ-स्यो*)"

* जनवरी 1 तारिख देखि मे 31 तारिख सम्म अस्पताल भर्ना भएका व्यक्तिले ・・・ दुई वर्ष अगाडिको, जुन 1 तारिख देखि डिसेम्बर 31 तारिख सम्मका व्यक्तिले ・・・ अघिल्लो वर्षको साथै, मे र जुन महिना दुवैमा पर्ने गरि अस्पताल भर्ना भएका व्यक्तिको लागि दुवै आवश्यक पर्नजान्छ।

★ अन्य
सरकारी अनुदान प्राप्त गरेको अवधिमा ठेगाना, नाम थर, बिमाको प्रकार आदि बदलिएको खण्डमा सम्पर्क गर्नुहोस्।

सोधपुछ तथा परामर्शको लागि ・・

“विदेशीहरुका निम्ति HIV परिक्षण र स्वास्थ्य सेवामा पहुँच वृद्धि गर्ने सम्बन्धि अनुसन्धान समूह” (किताजिमा चुतोमु समूह ) को आधारमा तयार गरिएको